**युएई नेपाली ड्राइभर संघ (UAE Nepali Drivers Association)**

***संस्थाको प्रारम्भिक विधान (Bylaws)***

संयुक्त अरब इमिरेट्स (UAE) मा कार्यरत नेपाली सवारी चालकहरूको हित र हक-अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि स्थापित "युएई नेपाली ड्राइभर संघ" (UAE Nepali Drivers Association) एक सामाजिक संस्था हो। यो संघले दुबई, आबुधाबी, शारजाह लगायतका विभिन्न इमिरेट्समा कार्यरत नेपाली चालकहरूलाई संगठित गर्दै उनीहरूको पेशागत, सामाजिक र कानुनी हितमा काम गर्दै आर्थिक सम्भ्रिधि र प्रगति को लागि खोलियको सस्था हो।

**धारा १: नाम र परिचय**

- संस्थाको नाम: **युएई नेपाली ड्राइभर संघ**
- स्थापना स्थान: **संयुक्त अरब इमिरेट्स (UAE)**
- प्रकृति: **गैर-राजनीतिक, गैर-लाभकारी सामाजिक संस्था**
- उद्देश्य: **UAE मा कार्यरत सम्पूर्ण नेपाली ड्राइभरहरूलाई एक सूत्रमा बाँध्दै सहयोग, समन्वय, सिप विकास, लगानी तथा आयमुखी क्रियाकलापहरूमा सहकार्य गर्नु।**

**धारा २: उद्देश्यहरू**

1. UAE मा रहेका सम्पूर्ण नेपाली ड्राइभरहरूलाई समेटी **एकता र सहकार्य** स्थापित गर्नु।
2. सदस्यहरूलाई **संकटको समयमा हाते-मालो सहयोग** गर्नु।
3. **सिप, योग्यता र अनुभव** को आदान-प्रदान गर्दै सहकार्यमा आधारित प्रगति सुनिश्चित गर्नु।
4. नयाँ पुस्ताको लागि **सत्य, तथ्य र पारदर्शिता** को आधारमा संस्थागत संरचना तयार गर्नु।
5. **लगानी र आयमुखी क्रियाकलापहरू** मार्फत आर्थिक सबलता स्थापना गर्नु।
6. **सर्कल व्यवसाय**, सवारी सेवा सुधार, तालिम तथा सीप विकास कार्यक्रम सञ्चालन गर्नु।

**धारा ३: संगठन संरचना**

1. **मुख्य केन्द्रिय समिति**
    - सस्थापक
    - उच्च प्रमुख
    - प्रमुख
    - कार्यालय प्रमुख
    - कोषाध्यक्ष
    - सदस्यहरू
2. **मुख्य केन्द्रिय समितिमा प्रबेस गर्ने नीति**
    - बेवास्थापन टोलि, प्रमुख, उच्च प्रमुख छनोट गर्दा काम र पोइन्ट को आदर मा गरिने छ।
    - Entry points. **5 points**
    - Points License holder connect. **5 ponts**
    - Meeting Attendance. **3 points**
    - बेवास्थापन टोलिमा प्रवेश को लागि कम्तिमा ५० पोइन्ट हुनुपर्ने।
    - प्रमुख टोलिमा प्रवेश को लागि कम्तिमा १०० पोइन्ट हुनुपर्ने।
    - उच्च प्रमुख टोलिमा प्रवेश को लागि कम्तिमा १५० पोइन्ट हुनुपर्ने।
3. **प्रदेश प्रतिनिधि समिति (७ ओटा प्रान्त अनुसार)**
    - प्रत्येक प्रदेशमा एक जना **प्रदेश प्रमुख**
    - प्रमुखको छनोट **कामको सक्रियता र योगदानको आधारमा** गरिनेछ, **विशिष्ट ID** दिइनेछ।
    - प्रत्येक प्रदेशमा **सदस्यहरूको रेकर्ड र सक्रियता ट्र्याक** गर्ने जिम्मेवारी रहनेछ।
4. **साधारण सदस्यहरू**
    - सबै ड्राइभर सदस्यहरूलाई **ID (सदस्यता कोड)** दिइनेछ।
    - सदस्यता कार्ड वा डिजिटल ID प्रणाली लागू गरिनेछ।

- साथै सम्पूर्ण नेपालीहरु लाई समाबेस गरिने छ।

**धारा ४: सदस्यता**

1. **सदस्य बन्ने आधार:**
    - नेपाली नागरिक हुनु पर्ने।
    - UAE मा वैध ड्राइभर इजाजत पत्र सहित कार्यरत हुनु पर्ने।
    - संघको उद्देश्य र कार्यविधिमा विश्वास राख्नु पर्ने।
    - संयुक्त अरब इमिरेट्स (UAE) बाट Resedence Visa आथवा Emirates ID हुनु पर्ने।
2. **सदस्यको अधिकार:**
    - संघको कार्यक्रम, तालिम, लगानी योजनामा सहभागी हुने।
    - समस्या परेको अवस्थामा सहयोग पाउने।
    - राय, सुझाव र कुनै पनि परियोजनामा पहिलो अधिकार रहने छ ।
3. **सदस्यको कर्तव्य:**
    - संघका नियम पालना गर्ने।
    - अन्य सदस्यसँग सहयोग र सद्भाव कायम राख्ने।
    - संघलाई आवश्यक समयमा सहयोग र सल्लाह प्रदान गर्ने।
    - सदस्यहरू सस्थामा जोइन गराउने।
4. **सदस्य बन्ने / बाहिर निस्कने निति**
    - बिना लगानी सदस्य बन्न सकिने छ ।
    - सदस्य सुल्क लीईने छैन।
    - समुह सदस्यता मा आबद्ध हुन विवरण पेस गर्नुपर्ने छ ।
    - ☑ Full Name ☑ Contact No ☑ Email ID ☑ Company ☑ Position

- ☑ License category ☑ Current Address ☑ Home district ☑ Reference.
- आफ्नो सदस्यता रद्द गर्न चाहानुहुन्छ भने, तपाईंले आफ्नो प्रान्तीय प्रमुखलाई कारण सहित स्पष्टीकरण पेश गर्नुपर्नेछ र 50 AED UNDC शुल्क तिर्नुपर्नेछ।
- यदि कुनै जानकारी बिना आफ्नो सदस्यता समाप्त गर्नुभयो भने, तपाईं UAE नेपाली चालक संघको आजीवन सदस्यताको लागि आवेदन दिन अयोग्य ठहरिनुहुनेछ।

**धारा ५: परिचालन नीति**

1. सबै निर्णय संघको आचारसंहिताभित्र रहि बहुमतको आधारमा गरिनेछ।
2. संघले तालिम, वर्कशप, सीप विकास कार्यक्रमहरू, नेटवर्किङ मिटिङ्ग आयोजना गर्नेछ।
3. लगानी योजनाहरू बनाइ व्यवसायिक पहल (सवारी भाडा सेवा, कार वाश, पार्ट्स सप्लाई आदि) मा लाग्नेछ।
4. फण्ड संकलन, अनुदान र सहयोगबाट आर्थिक स्रोत जुटाइनेछ।
5. प्रत्येक प्रदेश प्रमुखले मासिक प्रतिवेदन केन्द्रमा बुझाउनु पर्नेछ।
6. कुनै लेवी उठाउने नियम राखिने छैन ।
7. कुनै आ-जिबन कोष उठाउने नियम राखिएको छैन ।
8. कार्यक्रम स्थलमा भेला भएका सदस्यहरुले गरेको खर्च आफैले भुक्तानी गरिनु पर्नेछ ।

**धारा ६: आर्थिक प्रबन्ध**

1. संघको कोषको सञ्चालन कोषाध्यक्षमार्फत गरिनेछ।
2. प्रत्येक आर्थिक लेनदेन **पारदर्शी ढंगले** अभिलेख राखिनेछ।
3. प्रत्येक वर्ष **वित्तीय प्रतिवेदन** तयार गरिनेछ।
4. संघको नाममा **बैंक खाता खोलिनेछ / वित्तीय कोष** र निक्षेपको सस्थापक , उच्च प्रमुख, प्रमुख,कार्यालय प्रमुख, कोषाध्यक्ष संयुक्त अनुमतिमा हुनेछ।

**धारा ७: संशोधन अधिकार**

- संघको यो विधानलाई आवश्यकताअनुसार **साधारणसभाबाट २/३ बहुमतको आधारमा संशोधन** गर्न सकिनेछ।

**धारा ८: विघटनको अवस्था**

- संघ कुनै कारणवश विघटन गर्नु परेमा सबै सम्पत्ति नेपाली समाज हितका लागि प्रयोग गरिनेछ।